बैठक संख्या १ समयःविहान १० बजे बैठक मिति २०८३।०४।०६

आज मिति २०८३ साल श्रावण महिना ०६ गतेका दिन यस नौगाड गाँउपालिकाका अध्यक्ष श्री दलजीत सिह धामीज्यूको अध्यक्षतामा देहायका पदाधिकारीहरुको उपस्थितिमा नौगाड गाँउ कार्यपालिकाको बैठक बसी तपसिलका प्रस्तावहरुमा छलफल गरी निर्णयहरु पारित गर्दै सम्पन्न गरियो।

उपस्थिति

| क्रस | हस्ताक्षर | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दलजीत सिह धामी | अध्यक्ष |
| २ | | श्री जगत सिह ठगुन्ना | उपाध्यक्ष |
| ३ | | श्री हरीलाल सिह महता | वडा अध्यक्ष वडा नं १ |
| ४ | — | श्री नारायण सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं २ |
| ५ | | श्री राइ सिह ठगुन्ना | वडा अध्यक्ष वडा नं ३ |
| ६ | | श्री कृष्ण सिह धामी | वडा अध्यक्ष वडा नं ४ |
| ७ | | श्री राम सिह धामी | वडा अध्यक्ष वडा नं ५ |
| ८ | | श्री राजेन्द्र सिह बोहरा | वडा अध्यक्ष वडा नं ६ |
| ९ | | श्री गणेश टमटा | कार्यपालिका सदस्य |
| १० | | श्री चन्द्रा टमटा | कार्यपालिका सदस्य |
| ११ | — | श्री जोगी टमटा | कार्यपालिका सदस्य |
| १२ | — | श्री नरमा धामी | कार्यपालिका सदस्य |
| १३ | — | श्री बसन्ती ठगुन्ना | कार्यपालिका सदस्य |
| १४ | | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य |
| १५ | | श्री पुष्कर सिह धामी | प्रमुख प्रशासकीय अधिकृत |

आमन्त्रितः

तपसिलः

**प्रस्तावहरुः**

१. गत आव २०८२/२०८३ को समीक्षा सम्बन्धमा।
२. वार्षिक कार्ययोजना निर्माण तथा कार्यान्वयन सम्बन्धमा।
३. शिक्षण सिकाइ अनुदान (६-८) को कोटा अनुदान माग सम्बन्धमा।
४. सङ्घ तथा प्रदेश सरकारका आयोजना शीघ्र कार्यान्वयन गर्न अनुरोध गर्ने सम्बन्धमा।
५. जामिर साङपाङ इयरकोट सडकको ठेक्का सम्बन्धमा।
६. झोलुङ्गे पुल कार्यान्वयन सम्बन्धमा।
७. नौगाड गाउँपालिका मदिरा तथा सूर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन २०८३ को मूल समितिमा सदस्य मनोनयन सम्बन्धमा।
८. तल्ला सुण्डमुण्ड पर्यटकिय पदमार्ग कार्यान्वयन सम्बन्धमा।
९. सिप्टी र धुलिगडा स्वास्थ्य चौकीका ढुङ्गा काठ र जस्ताहरु लिलाम गर्ने सम्बन्धमा।
१०. चालु आव २०८३।८४को वार्षिक सार्वजनिक खरिद योजना स्वीकृत गर्ने सम्बन्धमा।

**माथि उल्लेखित प्रस्तावहरुमा छलफल गर्दा भएका निर्णयहरु:**

निर्णय नं १ गत आर्थिक वर्ष २०८२/८३ मा आन्तरिक आय लक्ष्य भन्दा बढि संकलन भएको र चालु र पूजिगत प्रकृतिका सम्पुर्ण आयोजना र कार्यक्रमहरु सम्पन्न भएकोमा गाउँकार्यपालिकाको कार्यालय,वडा कार्यालय र स्वास्थ्य संस्थाहरुलाई धन्यवाद दिने निर्णय सर्वसम्मत निर्णय गरियो।

निर्णय नं २ यस गाउँपालिकाका सबै शाखा तथा वडा कार्यालयहरुले वार्षिक कार्ययोजनाहरु चालु आवको चैत्र मसान्त सम्ममा सम्पन्न हुने गरी यहि साउन मसान्त भित्र तयारी गरी प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गरिसक्न सम्पूर्ण शाखा र वडा कार्यालयलाई निर्देशन दिने सर्वसम्मत निर्णय पारित गरियो।

निर्णय नं ३ चालु आर्थिक वर्षमा यस संघीय शिक्षण सिकाई अनुदान अन्तर्गत ८ वटा विद्यालयहरुलाई रकम बिनियोजन हुनुपर्नेमा कृष्ण आवि चौरीगाउले इमिसमा गलत तथ्याक भर्दा १ कोटा को लागि अनुदान रकम कम विनियोजन भइ आएकोले १ कोटाको लागि अनुदान रकम थप गरिदिनुहुन शिक्षा तथा मानव स्रोत विकास केन्द्रलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ४ सघ तथा प्रदेश सरकारका विषयगत कार्यालय मार्फत यस नौगाड गाउँपालिका भित्र कार्यान्वियन हुने आयोजनाहरु शीघ्र कार्यान्वियन गरिदिनुहुन सम्बन्धित निकायलाई अनुरोध गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ५ चालु आर्थिक वर्ष २०८३।८४ मा सङ्घीय समपुरक योजना अन्तर्गत वहुवर्षिय आयोजनाको रुपमा स्वीकृत भएको जामिर साङपाङ इयरकोट सडकको ठेक्का चालु आवको चैत्र मसान्त भित्र सम्पन्न हुने गरी हाललाई एकवर्षिय ठेक्काको रुपमा खोल्न कार्यालयलाई निर्देशन दिने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ६ चालु आर्थिक वर्ष २०८३।८४ मा यस गाउँपालिकाको लागि स्वीकृत झोलुङ्गे पुलहरु मध्ये यस गाउँपालिकाको वडा न १ मा रहेको दहखोला (दोखला) झोलुङ्गे पुलको निर्माण प्रकृया अगाडि बढाउने निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ७   नौगाड गाउँपालिका मदिरा तथा सुर्तिजन्य वस्तु नियन्त्रण र नियमन ऐन २०८३ को दफा ३ बमोजिमको मूल समितिमा देहाय बमोजिमका सदस्यहरु मनोनय गर्ने  निर्णय सर्वसम्मत पारित गरियो।

| क्र स | नामथर | पद | ठेगाना | ऐनको व्यवस्था |
|---|---|---|---|---|
| १ | श्री रुकमती ठगुन्ना | कार्यपालिका सदस्य | नौगाड ६ | ऐनको दफा ३ को खण्ड (ङ) बमोजिमको सदस्य |
| २ | श्री चन्द्र टमटा | कार्यपालिका सदस्य | नौगाड ५ | ऐनको दफा ३ को खण्ड (ङ) बमोजिमको सदस्य |
| ३ | श्री सञ्जय ठगुन्ना | अध्यक्ष | मष्टादेव जनकल्याण समाज नौगाड ४ | ऐनको दफा ३ को खण्ड (ठ) बमोजिमको सदस्य |
| ४ | श्री लल्ती देवि सितोली | उपाध्यक्ष | ताराकोट बचत तथा ऋण स स नौगाड ३ | ऐनको दफा ३ को खण्ड (ठ) बमोजिमको सदस्य |

निर्णय नं ८  सङ्घीय समपुरक योजना अन्तर्गत यस गाउँपालिकालाई प्राप्त तल्ला सुण्डमुण्ड देखि छिपुलथान सम्म पर्यटकिय पदमार्ग निर्माण गर्दा जामिर देखि तल्ला सुण्डमुण्ड सम्म अफ्यारो ठाउमा पक्की संरचना र अन्य ठाउँमा आवश्यकता अनुसार ढुङ्गाको सोलिङ सहितको पदमार्ग निर्माण गर्ने गरी ठेक्का खोल्ने  निर्णय सर्वसम्मत पारित गरियो।

निर्णय नं ९ सिप्टी र धुलिगडा स्वास्थ्य चौकीका पुराना घरहरुमा रहेका ढुङ्गा, काठ र जस्ताहरुको प्राविधिक मूल्याकन गराइ लिलाम प्रकृया मार्फत बिक्रि गर्न स्वास्थ्य चौकी व्यवस्थापन समितिलाई अनुमती दिने निर्णय सर्व सम्मत परित गरियो।

निर्णय नं १०  चालु आव २०८३।८४को वार्षिक खरिद योजना स्वीकृत गर्ने  निर्णय सर्वसम्मत पारित गरियो।